# स्थानीय राजपत्र


| विगु गाउँपालिकाद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड ८ | संख्या २ | मिति २०८२/०२/०८ |


भाग २

नेपालको संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

प्रमाणिकरण मिति : २०८२/०२/०८

आज्ञाले,
नाम : रत्न बहादुर थामी
नि.प्रमुख प्रशासकीय अधिकृत

# विगु गाउँपालिका
# पशुपंछी प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत भएको मितिः** २०८२/०२/०८

प्रमाणिकरण मितिः २०८२/०२/०८

**<u>प्रस्तावना :</u>** पशुपंछी प्रवर्द्धन कार्यक्रमका लाभग्राही कृषकहरुलाई पशुपंछी पालनसम्बन्धि विविध प्रविधि, मासु, दुध तथा अन्य पशुपंछी उत्पादन बस्तुहरुमा उत्पादकत्व बृद्धि गरी आय आर्जन बढाउने अभिप्रायले कार्यक्रम स्वीकृत भए बमोजिम पशुपंछी प्रवर्द्धन कार्यक्रमका संचालन गर्न यो पशुपंछी प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८२ तर्जुमा गरी लागु गरीएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "पशुपंछी प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८२" रहेको छ।

२. यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** (१) बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "पशुपंछी प्रवर्द्धन" भन्नाले पशुपंछी पालन गरी मासु, दुध तथा अन्य पशुपंछी उत्पादन बस्तुहरुमा आत्मनिर्भर गरी आयआर्जनमा सुधार सम्झनुपर्छ ।

(ख) "पशुपंछी प्रवर्द्धन कार्यक्रम" भन्नाले विगु गाउँपालिकाका सम्पूर्ण पशुपंछीपालक कृषक समुह, सहकारी, पशुपंछीपालक निजी फर्महरुले पालन गरी मासु, दुध तथा अन्य पशुपंछी उत्पादन बस्तुहरुमा आत्मनिर्भर, नस्ल सुधार भई आयआर्जनमा सुधार ल्याउन योगदान पुर्याउने सम्झनुपर्छ।

(ग) "वडा" भन्नाले विगु गाउँपालिका अन्तर्गत ८ वटै वडालाई सम्झनुपर्छ ।

(घ) "कृषक समुह" भन्नाले कार्यक्रमबाट सेवा प्राप्त गर्ने पशुपंछीपालक कृषक समुहलाई सम्झनुपर्छ ।

(ङ) "कार्यक्रम" भन्नाले यस कार्यविधि अनुरुप संचालन गरिने वार्षिक स्वीकृत कार्यक्रम तथा वजेट पशुपंछी प्रवर्द्धन कार्यक्रमलाई सम्झनु पर्दछ।

(च) "गाउँपालिका" भन्नाले यस विगु गाउँपालिका सम्झनुपर्छ ।

(छ) "कार्यपालिका" भन्नाले यस विगु गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ज) "आवेदक" भन्नाले यस कार्यविधि र सार्वजनिक सूचना मुताविक प्रस्ताव पेश गर्ने योग्य कृषक समुह/सहकारी/निजि फर्मलाई सम्झनुपर्छ ।

**३. उदेश्य (१) यस कार्यविधिका देहाय वमोजिम उदेश्यहरु रहनेछन् ।**

(क) कृषकहरुमा पशुपंछी सम्बन्धी प्रविधिहरुको अवलम्बन गराउने ।

(ख) मासु, दुध तथा अन्य पशुपंछी उत्पादन बस्तुहरुमा उत्पादकत्व वृद्धि गरी कृषकहरुको आय आर्जनमा वृद्धि गर्ने ।

(ग) उन्नत तथा स्थानीय जातको नस्ल सुधार गरी उत्पादनमा सहयोग पुऱ्याउने ।

**४. कार्यक्रम विवरण** (१) यो कार्यक्रम विगु गाउँपालिकाका ८ वटै वडाहरुमा सञ्चालन गरिनेछ ।

(२) यो कार्यक्रमबाट पशुपंछीपालक कृषक, कृषक समुह/सहकारीहरुलाई प्रविधिहरुको अवलम्बन गर्न अभिप्रेरित गरिनेछ ।

(३) यो कार्यक्रमले विगु गाउँपालिका भित्र रहेका पशुपंछीपालक कृषक समुह, सहकारी तथा निजी फर्महरुलाई उन्नत तथा स्थानीय जातको पशुपंछी पालन गरी उत्पादनमा सहयोग गरिनेछ ।

## परिच्छेद–२

## पशुपंछी प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया

**५ सुचना प्रकाशनः** यस स्थानिय तहले कार्यक्रम सञ्चालनको लागी १५ दिने आवेदन मागको प्रथम पटक सूचना प्रकाशन गर्नेछ यदी कुनै आवेदन नआएमा द्रोस्रो पटक ७ दिने आवेदन मागको सूचना प्रकाशन गरी प्रस्ताव संकलन गर्नुपर्नेछ ।

५.१ लक्षित वर्ग तथा समुहः १ पशुपंछीपालक कृषक समुह/सहकारी, दलित र पिछडिएका, आदिवासी,महिला र विस्थापित समुदायलाइ लक्षित गरिनेछ ।

५.२ लक्षित वर्ग समावेशका लागी कार्यक्रम लाभग्राही सर्वेक्षणबाट छनौट भएका लाभग्राहीहरु मध्ये देहायका कृषकहरुलाइ प्राथमिकता दिइनेछ ।

(क) पशुपंछी पालनलाइ आय आर्जनकोश्रोतको रुपमा लिइ नस्ल सुधारका गर्न ईच्छुक कृषकहरु |

(ख) पशुपंछी पालनसम्बन्धी तथा नस्ल सुधार प्रविधिहरु अवलम्बन गर्न इच्छुक कृषकहरु |

५.३ उपदफा (२) बमोजिम गठित कृषक समूहमा सम्भव भए सम्म ६५ प्रतिशत महिला सदस्यको सहभागी गराईनेछ ।

५.४ कृषक समुह, सहकारी, निजि फर्महरु गाउँपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने साथै अनिवार्य रुपमा समूह/सहकारी तथा निजी फर्मको नाममा बैंक खाता खोल्नु पर्नेछ ।

५.५ कृषक समूहलाई समूह परिचालन तथा कार्यक्रमबारे अभिमुखिकरण गराइनेछ ।

५.६ पशुपंछी प्रवर्द्धन कार्यक्रम कृषक, कृषक समुह/सहकारी तथा निजी फर्महरुको निम्न लिखित विवरणहरु संलग्न गरी समुहको माग
सङ्कलन गर्नु पर्नेछ ।

(क) उनन्त तथा स्थानीय जातको पशुपंछी पालन सम्बन्धी विवरण

(ख) उपयुक्त घाँसको बीउ, बेर्नाको माग सम्बन्धी विवरण

(ग) उत्पादित मासु तथा दुधको विक्री योजना

(घ) समुह/सहकारीलाई आवश्यक तालिमको विवरण

(ङ) आवश्यक अन्य विविध विवरण

**६. प्रस्ताव पेश गर्ने :** कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले यस कार्यालयले तोकेको ढाँचा बमोजिमको आवश्यक कागजातहरु,अनुसुचि-१ बमोजिमको आवेदन पत्र, अनुसुचि-२ बमोजिमको स्वघोषणा पत्र, अनुसुचि-३ बमोजिमका कार्ययोजना विवरण र सूचनामा माग बमोजिम आवश्यक कागजात पेश गर्नुपर्नेछ ।

**७. कार्यक्रम सञ्चालनः**

(१) यस कार्यक्रम विगु गाउँपालिकाका वडाहरुमा सञ्चालन हुनेछ ।

(२) गाई/भैसीपालन प्रबर्द्न कार्यक्रम

क. निजि क्षेत्रका आवेदकले कम्तिमा २ वटा वा सो भन्दा बढि गाई/भैसीपालन गरेकोहुनुपर्नेछ ।

ख. समुह वा सहकारीको हकमा कम्तिमा ५ जना गाई/भैसीपालक कृषक सदस्य समावेश हुनुपर्नेछ र कम्तीमा २ प्रति सदस्यले १/१ वटा वा सो भन्दा बढि गाई/भैसी पालन गरेको हुनु पर्नेछ ।

(३) भेडा/बाख्रा प्रबर्द्धन कार्यक्रम

क. निजि क्षेत्रका आवेदकले कम्तिमा १० वटा वा सो भन्दा बढि प्रजनन् योग्य भेडा/बाख्रापालन गरेकोहुनुपर्नेछ ।

ख. समुह वा सहकारीको हकमा कम्तिमा ५ जना भेडा/बाख्रापालक कृषक सदस्य समावेश हुनुपर्नेछ र प्रति सदस्य ५/५ वटा प्रजनन् योग्य भेडा/बाख्रापालन गरेको हुनु पर्नेछ ।

(४) चौरी प्रबर्द्धन कार्यक्रम

क. निजि क्षेत्रका आवेदकले कम्तिमा १० वटा वा सो भन्दा बढि प्रजनन् योग्य चौरीपालन गरेको हुनुपर्नेछ।

ख. समुह वा सहकारीको हकमा कम्तिमा ५ जना चौरीपालक कृषक सदस्य समावेश हुनुपर्नेछ र कृषक समुहले कम्तिमा २० वटा चौरीपालन गरेको हुनु पर्नेछ ।

(५) यस विगु गाउँ पालिकाको कार्यालयले साझेदार संस्थालाई देहायका कृयाकलापहरु संचालनको लागी प्रति साझेदार बढीमा ५ लाख रुपैयाँ अनुदान/प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ।

- घाँस खेती, चरन/खर्क सुधार तथा व्यवस्थापन
- प्रजनन् योग्य राँगो /साँडे/बोका खरिद
- गोठ/खोर निर्माण सुधार
- प्रजनन् योग्य भैसी/गाई/बाख्रा खरिद
- पशु स्वास्थ्य प्रवर्द्धन
- जैविक सुरक्षको व्यवस्थापन
- फार्ममा आवश्यक उपकरण खरिद

**८. अनुदान प्रतिशत र सिमाः**

(१) कुल लागतको बढिमा पूजीगत प्रकृतिका कृषि प्रविधि तथा पूर्वाधार निर्माण र प्रजननयोग्य ब्याड प्रयोजनको लागी भाले तथा दुध उत्पादनको प्रयोजनको लागी माउ भैसी/गाई तथा प्रजनन् योग्य माउ बाख्रा खरिदको हकमा ८० प्रतिशत तथा चालु प्रकृतिका उत्पादन सामाग्री खरिदको लागी बढीमा ५० प्रतिशत प्रोत्साहन/अनुदान रकम प्रदान गर्न सकिनेछ र कृषि उपज ढुवानीको गाउँपालिकाले खरिद गरेको सवारी साधन कृषि तथा पशुपालक समुहबाट संचालन गर्ने ।

(२) विगतका वर्षहरुमा सोहि प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त गरेका आवेदकहरु सोहि कार्यक्रममा छनोट हुने छैनन् ।

**९. सम्झौता :** छनौट भएका आवेदकहरुसंग गाउँपालिकाको कार्यालयले नियमानुसार सम्झौता गर्नेछ ।

## परिच्छेद -३

## अनुगमन, मूल्याङ्कन तथा अभिलेख

**६. अनुगमन, मूल्याङ्कन तथा अभिलेख व्यवस्था :** (१) पशुपंछीपालक कृषक समूह, सहकारी, तथा निजीफर्महरुले उत्पादन अभिलेख राख्नुपर्नेछ ।

(२) लाभग्राही सदस्यहरुका सबै पशुपंछीललाइ अनिवार्य बिमा गर्नु पर्नेछ ।

(३) यस कार्यविधि अनुसार सञ्चालन गरिएका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी विगु गाउँपालिका अनुगमन समिति, सम्बन्धित पशु सेवा शाखा, सम्बन्धित वडा कार्यालय सँग समन्वय गरी संयुक्त अनुगमन गर्न सकिनेछ ।

**७ स्थलगत प्रमाणिकरणः** विगु गाउँपालिकाले स्थलगत प्रमाणिकरणको लागी अनुसूची ४ र अनुसूची ५ बमोजिम प्रतिवेदन प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद -४

## विविध

**८. आर्थिक पक्षः** (१) यस कार्यविधि अन्तर्गत सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरुको आर्थिक पक्ष कार्यक्रम कार्यान्वयन अनुसार व्यवस्था भए बमोजिम हुनेछ। सम्झौता भएका आवेदकहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न गरिसकेपछि आवश्यक विल भरपाई, कार्य सम्पन्न प्रतिवेदन, तथा अन्य आवश्यक कागजात पेश भएपछि प्रचलित ऐन, नियमावलीको अधिनमा रहि समुह, सहकारी, निजी फर्म तथा पशुपंछीपालक कृषकको बैङ्क खाता मार्फत भुक्तानी गर्नुपर्नेछ ।

**९. गुनासो तथा उजुरी :** (१) यस कार्यक्रम सञ्चालन सँग सम्बन्धीत कुनै किसिमका उजुरी वा गुनासोहरु नियमानुसार व्यवस्थापन गरिनेछ ।

**१०. अमान्य हुने :** (१) यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानून सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

**११. प्रचलित कानून बमोजिम हुने :** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु सोही अनुसार हुने र उल्लेख नभएका विषयहरुको हकमा विद्‌यमान प्रचलित ऐन, कानून, नियम बमोजिम हुनेछ ।

**१२. बाधा अड्काउ फुकाउने :** (१) यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको बैठकले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१३. खारेजी तथा संशोधन** : गाउँपालिकाको आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ६ सँग सम्बन्धित)

आवेदनको ढाँचा

श्रीमान् कार्यालय प्रमुख ज्यू,

........................................ |

विषयः प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

तहाँ कार्यालयको मिति ................मा प्रकाशित सूचना अनुसार “.................सञ्चालन गर्ने इच्छा भएकोले तपसिल अनुसारका कागजातहरु संग्लग्न राखी यो निवेदन पेश गरेको छु / छौं । उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षीय सम्झौता र कार्यविधिमा भएका शर्त रमापदण्ड परिपालना गरी कार्यकम सञ्चालन गर्ने प्रतिबद्धता गर्दछु / छौं। साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको

व्यहोरा समेत अनुरोध गर्दछु / छौं ।

संग्लग्न कागजातहरुः

१)

२)

मिति :

नामः

पदः

ठेगानाः

संस्थाक

नामः

संस्थाको छापः

सम्पर्क नं. :

दायाँ बायाँ

अनुसूची-२

(दफा ६ सँग सम्बन्धित)

स्व–घोषणा पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यू

.............................................|

प्रस्तुत विषयमा तहाँ कार्यलयको मिति..........................का दिन प्रकाशित सूचना अनुसार ........................स्थित...................................ले ........................................कार्यक्रम प्रस्ताव पेश गरेको हुदाँ तपसिलका बुदाँहरुमा प्रतिवद्धता व्यक्त गर्दछु / छौं । यदि यस स्व-घोषणामा केही झुठ ठहरिएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु / छौं ।

तपसिलः

१. अन्य कुनै सरकारी निकायबाट समान प्रकृतिको कार्यक्रमको लागि कुनै प्रकारको प्रोत्साहन वा सुविधा लिएको छैन ।

२. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।

३. कुनैपनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन ।

| दायाँ | बायाँ |
| --- | --- |
| | |

मिति :

नामः

पदः

ठेगानाः

संस्थाक

नामः

संस्थाको छापः

सम्पर्क नं. :

अनुसूची-३

(दफा ६ सँग सम्बन्धित)

कार्यक्रमको संक्षिप्त कार्ययोजना

१. आवेदक संस्थाः

१.१ आवेदक संस्थाको नाम तथा ठेगानाः

| | | |
|---|---|---|
| आवेदक संस्थाको नाम | | |
| ठेगाना | | |
| संस्था दर्ता भएको मिति र निकाय | | |
| सम्पर्क व्यक्तिको नाम र पद | | |
| सम्पर्क नं. | | |
| इमेल | | |
| कार्यक्रम हुने स्थान | | |

१.२ संचालक समिति/कार्य समिति पदाधिकारीहरुको नामावलीः-

| क्र.स. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१.३ शैक्षिक योग्यता र सम्बन्धित क्षेत्रमा तालिमः

| क्र.स. | नाम | लिङ्ग | पद | शैक्षिक योग्यता | तालिम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | तालिमको विषय | तालिम अवधव | तालिम दिने निकाय |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रस्ताव पेश गर्ने बारे संचालक समितिको निर्णय र निर्णय मितिः

.......................................

साधारण सदस्य संख्याः (क) पुरुष ....................... (ख) महिला ....................

शेयर सदस्य संख्याः (क) पुरुष ....................... (ख) महिला ....................

१.३ स्थापना कालका क्रियाकलापहरुः

१.४ हालका क्रियाकलापहरुः

१.५ हाल सम्म सम्पन्न मुख्य मुख्य कार्यहरुः

२. पशुपन्छी तथा मत्स्यपालनको अवस्थाः

| क्र.स. | पशु प्रजाति | हाल पालिरहेको संख्या/ क्षेत्रफल | कार्यक्रम पश्चात पालिने संख्या/क्षेत्रफल (प्रस्तावित) | कैफियत |
|---|---|---|---|---|
| १ | | | | पशुपन्छीको शारीरिक अवस्था (बाच्छा/बाच्छी/पाठा/पाठी/माउ/भाले आदि) अनुसार छुट्टाछुट्टै उल्लेख गर्नुपर्ने) |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

३. जग्गा सम्बन्धि विवरणः

| क्र.स. | जग्गा धनिको नाम | जग्गाको क्षेत्रफल | कित्ता नं. | कैफियत |
|---|---|---|---|---|
| क. | भौतिक संरचना | | | |
| | | | | |
| | | | | |
| ख. | घाँस खेती | | | |
| | | | | |
| | | | | |

४. ऋण लिएको विवरणः

ईजाजत प्राप्त बैंक तथा वित्तिय संस्था वा सहकारीबाट लिएको ऋणको विवरणः

| लतानी गर्ने बैंक/वित्तिय संस्था | ऋण लिनुको उद्देश्य | रकम रु. | ऋण लिएको अवधि | सम्पुर्ण ऋण चुक्ता गरेको मिति | ऋण रकमले सम्पन्न गरेका क्रियाकलापहरु र उपलब्धिहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

५. रोजगारीको अवस्था(संचालक/कार्य मसिति बाहेक)

| क्र.स. | पद | शैक्षिक योग्यता | महिला/पुरुष | सम्बन्धित क्षेत्रमा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| हाल रोजगारीको अवस्था | | | | कार्य अनुभव |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| कार्यक्रम सञ्चलन पश्चात थप रोजगारीको अवस्था | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६ चरन क्षेत्र, मेशिनरी औजार तथा नविनतम प्रविधिको प्रयोगः

क) चरन क्षेत्र र घाँसखेतीको क्षेत्रफलः.........................................

प्रमुख घाँसका जातहरुः .....................................

ख) सञ्चालनमा आएका मेशिनरी औजारहरुः....................................

ग) नविनतम प्रविधिको प्रयोगः..........................................

७ वर्तमानको समस्याहरुः..............................

पहिचान भएका समस्याहरुको समाधानका लागी बनाइएका योजनाहरुः

| क्र.स | समस्याहरु | हाल गरिएका पहल | समस्या समाधानका लागी बनाइएका योजनाहरु |
|---|---|---|---|
| | | | |
| | | | |

८ कार्यक्रमबाट हासिल हुने अपेक्षित प्रतिफलः

| क्र.स | क्रियाकलापको नाम | हालको अवस्था | कार्यक्रम सञ्चलान पछीको अपेक्षित प्रतिफल |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

९ उत्पादित बस्तुको बजारिकरणको योजनाः

| क्र.स | उत्पादित बस्तु | उत्पादन परिमाण | उत्पादित बस्तुको बजार | बजारीकरणको योजना |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१० आवेदकले स्वलगानी गर्न चाहेको खण्डमा रकमको सुनिश्चीता (आवेदकले लगानी गर्ने)

| क्र.स | आवेदकले लगानी गर्ने रकम | रकम प्राप्ती श्रोत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

आर्थिक प्रस्तावः

| क्र.स | क्रियाकलाप | इकाइ | परिमाण | प्रोत्साहन रकम | स्वलगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची-४

(दफा ७ सँग सम्बन्धित)

## स्थलगत प्रमाणीकरण प्रतिवेदन ढाँचा

कार्यक्रमको नाम :

आवेदक संस्थाको ठेगाना :

स्थलगत प्रमाणिकरण मिति :

**१.भौतिक पूर्वाधारको अवस्था :**

| भौतिक पूर्वाधार | भए/नभएको | कैफियत |
|---|---|---|
| बाटो | | |
| बिजुली | | |
| पानी | | |
| बजार सुविधा | | |
| अन्य | | |

**२.चरण तथा घाँस खेतीको अवस्था**

| | चरण क्षेत्र | घाँस खेती | |
|---|---|---|---|
| मुख्य घाँसका जातहरु | | | |
| जग्गाको स्वामित्व | | | |
| घाँस खेती क्षेत्रफल | | घाँसको प्रजाती | लगाइएको क्षेत्रफल |
| | | | |

**३.पशुपालन तथा उत्पादनको अवस्था :**

| पशु प्रजाती | पशु संख्या | | | उत्पादन बिक्रि( दुध/मासु) वार्षिक |
|---|---|---|---|---|
| | माउ/प्रजनन् योग्य | पाठा/पाठी/बाच्छा/बाच्छी | राँगो/साढे/बोका | |
| गाई | | | | |
| भैसी | | | | |
| बाख्रा | | | | |
| चौरी | | | | |

**४.प्रयोग भईरहेका मेशिनरी औजार/उपकरणहरु :**

| नाम | संख्या |
|---|---|
| | |
| | |
| | |

**५.भौगोलिक हिसाब उपयुक्तता भए/नभएको :**

**६. संस्थाले गरेका नविनतम कार्यहरु :**

**७.स्थलगत निरिक्षण टोलीको राय :**

छनौटका लागि सिफारिस गर्न उपयुक्त रहेको/नरहेको :

**८. स्थलगत निरिक्षण गर्ने पदाधिकारीहरुको विवरण :**

| नाम, थर | पद | कार्यरत कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |

अनुसूची-५

(दफा ७ सँग सम्बन्धित)

मुल्याङ्कन गर्ने आधारहरु

कार्यक्रमको नाम :

आवेदक संस्थाको नाम र ठेगाना :

मिति :

**मूल्याङ्कन**

| **क्र.स** | **सूचक** | **अधिकतम अंक** | **प्राप्तांक** | **कैफियत** |
|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार(बाटो,बिजुली,पानी,बजार सुविधा आदी) | ५ | | |
| २ | संस्था दर्ता अवधी<br>(संस्था दर्ता अवधी ५ वर्ष वा सो भन्दा बढी भएमा पूर्ण अंक मानि मूल्यांकन गरिने) | ५ | | |
| ३ | हाल पालिरहेको पशु/क्षेत्रफल | २५ | | |
| ४ | घाँस खेतीको क्षेत्रफल (भैसी/गाई/भेडा/बाखा/चौरीको हकमा)<br>(१ गाई/भैसी वा १ बाखाको लागी न्युनतम १ रोपनी(डेढ कट्ठा) लाई पूर्ण अंक मानी मुल्यांकन गरिने)/आहारा व्यवस्थापन | १० | | |
| ५ | मेशिनरी औजार उपकरणको प्रयोग, नवीन प्रविधिको अनुशरण तथा अन्य कार्यहरु | १० | | |
| ६ | जैविक सुरक्षाको अवस्था तथा उपयोग | १५ | | |
| ७ | बैदेशिक रोजगारिबाट फर्की पशु व्यवसायमा आवद्ध( ५ वर्ष भन्दा बढी अवधिलाई पूर्ण अंक मानि) | ५ | | |
| ८ | सम्बन्धित क्षेत्रमा तालिम | १० | | |
| ९ | कार्ययोजना | १५ | | |
| | जम्मा | १०० | | |

**आज्ञाले,**

**रत्न बहादुर थामी**

**नि.प्रमुख प्रशासकीय अधिकृत**